# आर्थिक वर्ष ०८३/०८४ को

# बजेट वक्तव्य

षडानन्द नगरपालिका

२०८३

**बाह्रौं नगर सभाका श्रद्धेय सभाध्यक्षज्यू,**
**सभा सदस्यज्यूहरु,**

**"कृषि, पर्यापर्यटन र पूर्वाधार, रुद्राक्षको राजधानी समृद्ध नगर"** भन्ने मूल नाराका साथ नेपालको संविधानको धारा २२३ को उपधारा २ बमोजिम गठित यस षडानन्द नगरपालिकाको बाह्रौं नगरसभामा षडानन्द नगरपालिकाको नगर उप-प्रमुख एवं नगरस्तरीय बजेट तथा कार्यक्रम तर्जूमा समितिको संयोजकको हैसियतले नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाएकोमा गौरव महसुस गर्दै सभाध्यक्षज्यू मार्फत यस गरिमामय सभा प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

लोकतन्त्र प्राप्त र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाको लागि विभिन्न कालखण्डमा भएका दशवर्षे जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन र आदिवासी जनजाति आन्दोलन लगायतका राजनीतिक क्रान्ति एवं संघर्षलाई स्मरण गर्न चाहान्छु ।जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान र परिवारप्रति गहिरो सहानुभूति प्रकट गर्दछु ।

**सभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु,**

नेपालको संविधानको धारा ५६(१) मा संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र उपधारा (२) मा नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यसै संविधान तथा कानूनले तोके बमोजिम गर्ने, धारा ५७ को उपधारा ४ मा स्थानीय तहको अधिकार अनुसूची-८ मा उल्लेखित विषयमा निहीत रहने र त्यस्तो अधिकारको प्रयोग यो संविधान र नगरसभाले बनाएको ऐन बमोजिम हुने व्यवस्था छ ।

उल्लेखित संवैंधानिक व्यवस्थाको अतिरिक्त स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जूमा समितिले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको प्रस्ताव तयारी गर्दा विगतको अनुभवहरुलाई समेत मध्यनजर गर्दै आगामी आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमाभित्र रही बजेट तथा कार्यक्रमको प्राथमिकिकरण र बजेट/कार्यक्रमको प्रस्तावलाई विषयक्षेत्रगत रुपमा छलफल गर्न व्यवस्था मिलाई अन्तिम प्रस्ताव तयार गर्नुपर्ने र दफा ७१ मा आगामी आर्थिक वर्षको राजश्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र सभामा पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ ।

यस षडानन्द नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट कार्यक्रम प्रस्ताव माथि उल्लेखित संवैधानिक एवं कानूनी व्यवस्थाको अतिरिक्त बजेट तथा कार्यक्रम तर्जूमा सम्बन्धी दिग्दर्शन, दीर्घकालीन सोच, सोह्रौं योजनाको सुशासन, सामाजिक न्याय र समृद्धिको नारालाई सफल बनाउन, दीगो विकासका लक्ष्यले समेटेको रणनीति, नेपाल सरकारको नीति तथा कार्यक्रम, संयूक्त

सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम, राष्ट्रिय तथा प्रदेश सरकारको मार्गनिर्देशन, समपुरक तथा विशेष अनुदान र सह-लगानी सम्बन्धी कार्यविधि, सम्बन्धित मन्त्रालय तथा विभागीय नीति, निर्देशन, स्थानीय सरकारमा सहभागी राजनीतिक दलहरुको घोषणापत्र तथा स्थानीय तहको प्रमुख समस्या र आवश्यकता साथै देशमा खुम्चदै गएको राजश्व संकलनको अवस्थाले गर्दा हामीलाई संघ र प्रदेश सरकारबाट सिमित रुपमा प्राप्त राजश्व अनुदानलाई समेत मध्यनजर गरी सिमित स्रोत र साधनका बावजुद यो बजेट तयार गरिएको छ ।

मैले आगामी वर्षको लागि बजेट तथा कार्यक्रम तर्जूमा गर्दा नगरवासीहरुको अपेक्षालाई सम्बोधन गर्ने र नगरपालिका र नगरवासीको समस्यालाई समाधान गर्दै जनतामा आशा र भरोसाको सञ्चार गर्ने जिम्मेवारी बोध गरेको छु । राजनीतक दल, जनप्रतिनिधि, सार्वजनिक प्रशासन, संघ संस्था, नीजि क्षेत्र, नागरिक समाज, विकास साझेदार, सञ्चार जगत र आम नागरिकको सहयोग र ऐक्यवद्धताबाट अर्थतन्त्रमा नगरपालिकाको समृद्धिका लागि देखिएका विद्यमान चुनौतिको सामना गर्दै बजेटले लिएका लक्ष्य हासिल गर्न सकिने विश्वास लिएको छु ।

**सभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु,**
अब म आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटको उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**बजेटका उद्देश्यहरुः**

- नगरक्षेत्रको आर्थिक विकासका नवीनतम् संभावना र अवसरका क्षेत्रहरुको पहिचान र प्रवर्द्धन गर्दै समग्र आर्थिक विकास र समृद्धि हासिल गर्ने,
- गुणस्तरीय शिक्षामा नगरवासीहरुको पहूँचमा सुनिश्चितता प्रदान गर्ने,
- सर्वसुलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने,
- सडक, पुल, भवन, खानेपानी तथा सरसफाई, सिँचाई, ऊर्जा लगायतका भौतिक पूर्वाधर क्षेत्रहरुमा विकास गर्ने,
- नगरवासीहरुको जीवनस्तर सुधार गर्न आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्दै गरिबी न्यूनीकरणमा जोड दिने,
- कृषि क्षेत्रको विकास, विविधीकरण, व्यवसायीकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम मार्फत उद्यमशीलता तथा सीप विकास तालिम मार्फत युवाहरुलाई स्वरोजगार तथा आत्मनिर्भर बनाउने,
- सुशासन, पारदर्शिता र जवाफदेहिताको सिद्धान्तलाई आत्मसाथ गरी सार्वजनिक सेवालाई सक्षम, सुदृढ र सेवामूलक बनाउँदै आम नगरवासीलाई छिटो, छरितो, सहज, गुणस्तरीय र परिणाममुखी सेवा प्रदान गर्ने,
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति, जनजाति, दलित, पिछडा वर्ग लगायत सीमान्तकृत समुदायको विकासको लागि लक्षित वर्गमैत्री नीति अवलम्वन गर्ने,

- पर्यटन क्षेत्रको पूर्वाधार विकास गरी आर्थिक मेरुदण्डको रुपमा पर्यटन क्षेत्रलाई विकास गर्ने,
- वन, वातावरण तथा फोहरमैला व्यवस्थापन, जलवायू परिवर्तन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन गर्न उपयुक्त नीति अवलम्वन गर्ने,

**बजेट निर्माणको आधार तथा प्राथमिकताका क्षेत्रहरुः**

- आगामी आर्थिक वर्षका लागि राजश्व नीति, राजश्वका स्रोत, दायरा तथा कर राजश्व, गैरकर राजश्व, सेवा शुल्क र दस्तुरको दायरा सम्बन्धमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन,२०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,२०७४, राजश्व सुधार योजना २०८२ समेतका आधारमा व्यवस्थित दायराको आधारमा तयार गरिएको छ । त्यसै गरी राजश्वका दर र कूल राजश्व प्रस्ताव तयार गर्दा चालु आर्थिक वर्षमा कायम रहेको दर र हालसम्मको राजश्व प्राप्तिको स्थिति समेतलाई आधार मानी तयार गरिएको छ ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ मा प्रदेश तथा स्थानीय तहले आफूले उठाएको राजश्व र राजश्व बाँडफाँडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्नेगरी राजश्व र व्ययको अनुमान गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार यस नगरपालिकालाई प्राप्त हुने राजश्व बाँडफाँट रकम र आन्तरिक राजश्व समेतको सीमा ननाघ्ने गरी प्रशासनिक (चालु) खर्च सिमित गर्ने प्रयत्न गरिएको छ ।
- करका दायराहरु बढाउँदै वैज्ञानिक र व्यवहारिक कर प्रणालीको विकास गर्ने नीति अवलम्वन गरिएकोछ,
- कृषि क्षेत्रलाई समृद्ध बनाउनका लागि निर्वाहमुखी खेती प्रणालीको अन्त्य गरी व्यवसायीकरण गर्न र स्थानीय रैथाने जातको अन्नवालीको प्रवर्द्धन तथा संरक्षण गर्ने,
- आर्थिक तथा सामाजिक विकासका माध्यमबाट गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउन आधुनिक कृषि प्रणालीको विकास गरिँदै लगिनेछ,
- **"गुणस्तरीय शिक्षा र शैक्षिक पूर्वाधार, समृद्ध नगर निर्माणको आधार"** भन्ने नाराका साथ शिक्षा क्षेत्रलाई गुणस्तरीय र समयसापेक्ष सुधार गर्दै अघि बढाइने विषयहरु,
- विकास साझेदारहरु समेतको लागत साझेदारीमा सञ्चालन हुने शैक्षिक पुर्वाधारहरु, शहरीकरण/पर्यटन र सिँचाई आयोजनाहरु,
- लक्षित समूह विकास तथा संरक्षण विषयगत क्षेत्र अन्तर्गतका क्रियाकलापहरु,
- कम लागतमा बढी प्रतिफल दिने, स्थानीय जनतासंग प्रत्यक्ष सरोकार राख्ने र आर्थिक उपार्जनको क्रियाकलाप मार्फत रोजगारीको अवसर सिर्जना हुने खालका कार्यक्रम तथा आयोजनाहरु,
- **"यातायात पूर्वाधार आर्थिक रुपान्तरणको आधार"** भन्ने नारालाई आत्मासात गर्दै १४ वटै वडा केन्द्रहरुलाई केन्द्रीय सडक सञ्जालमा जोड्ने,
- **"स्वास्थ्य र सिर्जनशिल युवाका लागि खेलकुद र खेलकुदका लागि युवा"** भन्ने नारालाई आत्मसाथ गर्दै खेलकुद विकासका कार्यक्रमहरु,

- नगर क्षेत्र भित्रका विपन्न तथा अति विपन्न बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गरी जीवनयापनमा सहज बनाइनुका साथै सीपमूलक तालिम प्रदान गरी दक्ष जनशक्ति निर्माण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।,

**बजेट माथिको उल्लेखित उद्देश्य तथा प्राथमिकता कार्यान्वयन गर्न देहायका क्रियाकलापहरु सम्पादन गरिनेछ ।**

- स्वीकृत कार्यक्रमहरु आर्थिक वर्षको अन्तिम अवधिमा मात्र कार्यान्यिन गर्ने प्रवृति निरुत्साहित हुँदै गइरहेको छ । त्यसमा अझै सुधार गर्दै लैजाने नीति लिईनेछ ।
- बजेट कार्यक्रम कार्यान्वयन प्रकृयालाई सम्बन्धित कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनसंग जोड्ने व्यवस्था गरिनेछ,
- बजेट कार्यक्रम सम्बन्धी विषयगत शाखाले कार्ययोजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गराइनेछ,
- अनुगमन, सुपरीवेक्षण, आवधिक समीक्षा तथा प्रतिवेदन प्रणालीलाई अझ प्रभावकारी बनाईनेछ,
- उपभोक्ता समितिका पदाधिकारीहरुको क्षमता विकास सम्बन्धी क्रियाकलाप तथा अभिमुखीकण कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

**सभाध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरु,**

अब म यस नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को विनियोजन विधेयक, २०८३ यस सम्मानित नगरसभामा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**षडानन्द नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, दिङ्ला, भोजपुर**

# विनियोजन विधेयक, २०८३

षडानन्द नगरपालिका, दिङ्ला, भोजपुरको आर्थिक वर्ष २०८३/०८४ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन ।

**प्रस्तावना** : षडानन्द नगरपालिका, भोजपुर २०८३/०८४ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम षडानन्द नगरपालिका, भोजपुरको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "षडानन्द नगरपालिका, भोजपुरको विनियोजन ऐन, २०८३ " रहेको छ ।
(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,
(क) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको १ गतेदेखि आगामी वर्षको असार मसान्त सम्मको अवधिलाई सम्झनुपर्छ ।
(ख) "नगरपालिका" भन्नाले षडानन्द नगरपालिकालाई सम्झनुपर्छ ।
(ग) "विनियोजन" भन्नाले सभाद्वारा विभिन्न कार्यहरुका लागि विभिन्न शिर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनुपर्छ ।
(घ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।
(ङ) "सञ्चित कोष" भन्नाले षडानन्द नगरपालिकाको सञ्चित कोष सम्झनुपर्छ ।
(च) "सभा" भन्नाले षडानन्द नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।
(छ) "कार्यपालिका" भन्नाले षडानन्द नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

३. **आर्थिक वर्ष २०८३/०८४ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८३/०८४ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र वित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ९१,०८,४८,६७३।०० (अक्षेरुपी एकानब्वे करोड आठ लाख अठ्चालीस हजार छ सय त्रिहत्तर रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

४. **विनियोजन :**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८३/०८४ को निमित्त षडानन्द नगरपालिका, भोजपुरको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तरगत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) यस ऐन बमोजिमका कार्यक्रमका शिर्षकमा विनियोजित रकम खर्च नहुने अवस्थामा सो को कारण र आधार खोली त्यस्तो कारण र आधार समेतलाई आधार मानी कार्यपालिकाले खर्च हुने अर्को शिर्षकमा त्यस्तो रकम रकमान्तर गर्न सक्नेछ तर रकमान्तर गर्ने त्यस्तो निर्णयलाई सभाबाट अनुमोदन गर्नु पर्नेछ ।

(५) कार्यविधि बनाई लागू गर्न सक्नेः सभाबाट स्वीकृत वार्षिक कार्यक्रमको संचालनका लागि कार्यपालिकाबाट आवश्यक कार्यविधि वा मापदण्ड स्वीकृत गरी लागू गर्न सक्नेछ ।

५. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम तथा योजनाहरु कार्यन्वयन गर्नका लागि कुल रु. ९१,०८,४८,६७३।०० (अक्षेरुपी एकानब्वे करोड आठ लाख अठ्चालीस हजार छ सय त्रिहत्तर रुपैया मात्र) आय र व्यय अनुमान गरिएको छ । उक्त अनुमान मध्ये चालु खर्च तर्फ रु. ५८,२२,५१,६००।०० (अक्षरेपी अन्ठाउन्न करोड बाईस लाख एकाउन्न हजार छ सय रुपैयाँ मात्र) अर्थात ६३.९२ प्रतिशत र पूँजीगत तर्फ रु. १८,८५,९७,०७३।०० (अक्षरेपी अठार करोड पचासी लाख सन्तानब्बे हजार त्रिहत्तर रुपैया मात्र) अर्थात २०.७० प्रतिशत र सामाजिक सुरक्षा तर्फ रु. १४,००,००,०००/-(अक्षरेपी चौध करोड रुपैया मात्र) अर्थात १५.३८ प्रतिशत रहेको छ ।

**सभाध्यक्षज्यू,**

अब म यस नगरपालिको गत आर्थिक वर्ष २०८१/०८२ असार मसान्तसम्मको यथार्थ आय-व्यय, चालु आर्थिक वर्ष २०८२/०८३ को जेठ मसान्तसम्मको आय-व्यय र आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित आय-व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

- यस नगरपालिकाको गत आर्थिक वर्ष २०८१/०८२ को वास्तविक कुल आय ६७ करोड २५ लाख ६६ हजार ५ सय ६७ रुपैया र ८० पैंसा रहेको थियो भने कुल व्यय ६६ करोड ४३ लाख ९१ हजार ३ सय १५ रुपैंया र ९२ पैसा (खर्चको प्रतिशत ८९.३५ प्रतिशत) रहेको थियो।

- चालु आर्थिक वर्ष २०८२/०८३ को अनुमानित कुल आय ७३ करोड ७० लाख ५६ हजार १ सय ८८ रुपैया र ९२ पैसा रहेकोमा वास्तविक आय ६३ करोड ८४ लाख ९२ हजार १ सय ६० रुपैंया र पैसा ५१ वास्तविक आयको प्रतिशत ८६.६२ र २०८३ साल असार ८ गते सम्ममा वास्तविक व्यय ४८ करोड ०८ लाख ४८ हजार १ सय १७ रुपैया ४६ पैसा रहेको छ । खर्चको प्रतिशत ६५।२३ रहेको छ ।
- चालु तर्फ वार्षिक व्यय बजेट ५५ करोड ९७ लाख ७९ हजार ९६ रुपैया र ९२ पैसा रहेकोमा हाल सम्मको वास्तविक खर्च ३९ करोड ४६ लाख ६८ हजार ९ सय ९५ र ४६ पैसा रहेको छ । (खर्चको प्रतिशत ७०.५ प्रतिशत) रहेको छ ।
- पूँजीगत खर्च तर्फ वार्षिक व्यय बजेट १७ करोड ७२ लाख ७७ हजार ९२ रुपैँया रहेकोमा हाल सम्मको वास्तविक व्यय ८ करोड ६१ लाख ७९ हजार १ सय २२ रुपैया रहेको छ । (खर्चको प्रतिशत ४८.६१ प्रतिशत)

- त्यसैगरी आमागी आर्थिक वर्ष २०८३/०८४ को लागि अनुमानित कुल आय रु. ९१ करोड ०८ लाख ४८ हजार ६ सय ७३ रुपैंया बजेट प्रस्ताव गरिएको छ ।

प्रस्तुत बजेटमा आमागी आर्थिक वर्ष २०८३/०८४ को आय-व्ययको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः

| सि.नं. | अनुमानित आय | | |
|---|---|---|---|
| | शीर्षक | बजेट | अक्षरमा |
| १ | संघीय समानीकरण अनुदान | ११,५७,००,०००.०० | एघार करोड सन्ताउन्न लाख |
| २ | प्रदेश समानीकरण अनुदान | १,०२,९८,०००.०० | एक करोड दुई लाख अन्ठान्नब्बे हजार |
| ३ | संघीय समपुरक अनुदान | २२,९००,०००.०० | दुई करोड उनन्तीस लाख |
| ४ | प्रदेश समपुरक अनुदान | १४,०००,०००.०० | एक करोड चालीस लाख |
| ५ | संघीय विशेष अनुदान | १७,७००,०००.०० | एक करोड सत्हत्तर लाख |
| ६ | संघीय सशर्त अनुदान चालु | ३६७,२००,०००.०० | छतीस करोड बहत्तर लाख |
| ७ | संघीय सशर्त अनुदान पुँजीगत | १५,३००,०००.०० | एक करोड त्रिपन्न लाख |
| ८ | प्रदेश सशर्त अनुदान चालु | २,३१५,०००.०० | तेइस लाख पन्ध्र हजार |
| ९ | प्रदेश सशर्त अनुदान पुँजीगत | २६,५६०,०००.०० | दुई करोड पैसाठी लाख साठी हजार |
| १० | संघीय राजश्व बाँडफाँड | ११५,६३९,०००.०० | एघार करोड छपन्न लाख उननचालीस हजार |
| ११ | प्रदेश राजश्व बाँडफाँड | ११,७३६,६७३.०० | एक करोड सत्र लाख छतीस हजार छ सय त्रिहत्तर |
| १२ | आन्तरिक आय | ३७,५००,०००.०० | तीन करोड पचहत्तर लाख |
| १३ | गत वर्ष अल्या | ४,०००,०००.०० | चालीस लाख |
| १४ | सामाजिक सुरक्षा भत्ता | १४०,०००,०००.०० | चौध करोड |
| १५ | जनसहभागिता | १०,०००,०००.०० | एक करोड |
| | **जम्मा बजेट** | **९१०,८४८,६७३.००** | एकानब्बे करोड आठ लाख अडचालिस हजार छ सय त्रियहत्तर |

**सभाध्यक्षज्यू,**

अब म आर्थिक वर्ष २०८३/०८४ को लागि राजश्व परामर्श समितिले अनुमान गरी नगर कार्यपालिकाले स्वीकृत गरेको आन्तरिक आयका अनुमानित शिर्षकगत आय पेश गर्दछु ।

| क्र.स | राजश्व शिर्षक नं | राजश्व शिर्षक | २०८३/०८४ | |
|---|---|---|---|---|
| | | | अनुमान | अनुमान |
| १ | ११३१३ | सम्पती कर | ४००००० | चार लाख |
| २ | ११३१४ | भुमिकर/मालपोत | ५०००००० | पचास लाख |
| ३ | ११३१७ | वहाल कर | ४००००० | चार लाख |
| ४ | ११३१८ | वहाल विटौरी कर | १५०००० | एक लाख पचास हजार |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | २०००० | बीस हजार |
| ६ | ११४५२ | पुर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ६००००० | छ लाख |
| ७ | ११६११ | व्यवसायले भुक्तानी गर्ने | १००००० | एक लाख |
| ८ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | १५०००० | एक लाख पचास हजार |
| ९ | ११६९१ | अन्य कर (नगरबाट जम्मा समेत) | २०००००० | बीस लाख |
| १० | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ३०००००० | तीस लाख |
| ११ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री (फोहोर व्यवस्थापन समेत) | २००००० | दुई लाख |
| १२ | १४२२१ | न्यायिक दस्तूर | १०००० | दश हजार |
| १३ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ४०००० | चालिस हजार |
| १४ | १४२२४ | परीक्षा शुल्क | ४०००० | चालिस हजार |
| १५ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | १०००००० | दश लाख |
| १६ | १४२४२ | नक्सापास दस्तुर | ७०००० | सत्तरी हजार |
| १७ | १४२४३ | सिफारिश दस्तुर | २०००००० | बीस लाख |

| | | | | |
|---|---|---|---|---|
| १८ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | १०००००० | दश लाख |
| १९ | १४२४५ | नाता प्रमाणित दस्तुर | २००००० | दुई लाख |
| २० | १४२४९ | अन्य दस्तुर | २०००००० | बीस लाख |
| २१ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ८००००० | आठ लाख |
| २२ | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त आय | 10000 | दश हजार |
| २३ | १४२६५ | अन्य क्षेत्रको आय(सामुदायिक वन समेत) | ५०००००० | पचास लाख |
| २४ | १४२१२ | सरकारी सम्पतिको बिक्रीबाट प्राप्त रकम | 10000 | दश हजार |
| २५ | १४५२९ | अन्य राजस्व(फेरी समेत) | ३५००००० | पैतीस लाख |
| २६ | १४६११ | व्यवसाय कर | १०००००० | दश लाख |
| २७ | १५१११ | बेरूजू | ८००००० | आठ लाख |
| २८ | ३३३६६ | दहत्तर बहत्तर शुल्क | ८०००००० | असी लाख |
| | जम्मा | | **३७५०००००** | **तीन करोड पचहत्तर लाख** |

आर्थिक वर्ष २०८३/८४ को लागि कुल रु. तीन करोड पचहत्तर लाख मात्र आन्तरिक राजश्व संकलन गर्ने अनुमान गरिएको छ ।

**सभाध्यक्षज्यू,**

अब म आर्थिक वर्ष २०८३/०८४ को व्यय (खर्च) को अनुमान पेश गर्दछु ।

| | **अनुमानित व्यय** | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **शीर्षक** | **बजेट** | **अक्षरमा** | **कैफियत** |
| १ | सशर्त अनुदान संघ चालु | ३६,७२,००,०००.०० | छतीस करोड बहत्तर लाख | |
| २ | संघीय सशर्त अनुदान पुँजीगत | १,५३,००,०००.०० | एक करोड त्रिपन्न लाख | |
| ३ | संघीय समपुरक अनुदान | २,२९,००,०००.०० | दुई करोड उनन्तीस लाख | |
| ४ | प्रदेश समपुरक अनुदान | १,४०,००,०००.०० | एक करोड चालीस लाख | |
| ५ | प्रदेश सशर्त अनुदान चालु | २३,१५,०००.०० | तेइस लाख पन्ध्र हजार | |
| ६ | संघीय विशेष अनुदान | १,७७,००,०००.०० | एक करोड सत्हत्तर लाख | |
| ७ | सामाजिक सुरक्षा भत्ता | १४,००,००,०००.०० | चौध करोड | |
| ८ | जनसहभागिता | १,००,००,०००.०० | एक करोड | |
| ९ | प्रदेश सशर्त अनुदान पुँजीगत | २,६५,६०,०००.०० | दुई करोड पैसाठी लाख साठी हजार | |
| १० | नगरपालिका भवन | १५,००,०००.०० | पन्ध्र लाख | |
| ११ | सडक बोर्ड साझेदारी | १८,००,०००.०० | अठाह्र लाख | |
| १२ | साना सिँचाई कार्यक्रम | ६,००,०००.०० | छ लाख | |
| १३ | षडानन्द बहुमुखी क्याम्पस अनुदान | १५,००,०००.०० | पन्ध्र लाख | |
| १४ | नगर चालु | १३,०६,३६,६००.०० | तेह्र करोड छ लाख छतीस हजार छ सय | |
| १५ | वडा चालु तथा पुँजीगत | ४,८८,२४,०००.०० | चार करोड अठासी लाख चौबीस हजार | |

| | | | | |
|---|---|---|---|---|
| १६ | शिक्षा शाखा | २,३०,००,०००.०० | दुई करोड तीस लाख | |
| १७ | स्वास्थ्य शाखा | २६,००,०००.०० | छब्बीस लाख | |
| १८ | भौतिक पुर्वाधार विकास | २१,००,०००.०० | एकाइस लाख | |
| १९ | सामाजिक विकास शाखा | १५,००,०००.०० | पन्ध्र लाख | |
| २० | कृषि विकास शाखा | ३०,००,०००.०० | तीस लाख | |
| २१ | भेटनरी शाखा | १५,००,०००.०० | पन्ध्र लाख | |
| २२ | राष्ट्रिय सव-रोजगार कार्यक्रम वडा साझेदारी | १०,००,०००.०० | दस लाख | |
| २३ | आयूर्वेद शाखा | ५,००,०००.०० | पाँच लाख | |
| २४ | न्यायिक समिति (मेलमिलापकर्ताको पुनर्ताजगी तालिम तथा वडा मेलमिलाप केन्द्र स्थापना तथा अन्य कार्यक्रम) | ३,००,०००.०० | तीन लाख | |
| २५ | पञ्जीकरण शाखा | २,००,०००.०० | दुई लाख | |
| २६ | सामी परियोजना कार्यक्रम | ५,००,०००.०० | पाँच लाख | |
| २७ | सूचना प्रविधि शाखा | ६,००,०००.०० | छ लाख | |
| २८ | करुणा फाउण्डेसन अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम | ५,००,०००.०० | पाँच लाख | |
| २९ | प्रकोष व्यवस्थापन कोष | १३,००,०००.०० | तेह्र लाख | |
| ३० | परामर्श सेवा (परामर्शदाता र डिपिआर) | ७,००,०००.०० | सात लाख | |
| ३१ | फेरी तथा बाटो मर्मत | ६,००,०००.०० | छ लाख | |
| ३२ | समपुरक साझेदारी संघ प्रदेश | १,७६,००,०००.०० | एक करोड छहत्तर लाख | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | मागमा आधारित योजना तथा कार्यक्रम | ५०,००,०००.०० | पचास लाख | |
| ३४ | मागमा आधारित योजना तथा कार्यक्रम | ४०,००,०००.०० | चालीस लाख | |
| ३५ | सुशासन समिति | ३,७५,०००.०० | तीन लाख पचहत्तर हजार | |
| ३६ | दिङ्ला नगर हस्पिटल (गान्धी मेमोरियल) सञ्चालन तथा व्यवस्थापन | १०,००,०००.०० | दस लाख | |
| ३७ | महिला स्वयंसेविका सेवा सुविधा | १६,००,०००.०० | सोह्र लाख | |
| ३८ | लेखा शाखा परामर्श सेवा तथा बेरुजु व्यवस्थापन | ३,७५,०००.०० | तीन लाख पचहत्तर हजार | |
| ३९ | रासायनिक मल ढुवानी अनुदान | २०,००,०००.०० | बीस लाख | |
| ४० | मुन्धुम ट्रेल साझेदारी | ३१,३०,०००.०० | एकतीस लाख तीस हजार | |
| ४१ | UWS साझेदारी कार्यक्रम भवन निर्माण | २२,५०,०००.०० | बाइस लाख पचास हजार | |
| ४२ | UWS साझेदारी साथी शिक्षक, Fellow शिक्षक तथा स्वयंसेवक शिक्षक | ३५,००,०००.०० | पैतीस लाख | |
| ४३ | सवारी साधन भाडा | १५,००,०००.०० | पन्ध्र लाख | |
| ४४ | खेलकुद विकास समिति | ३०,००,०००.०० | तीस लाख | |
| ४५ | सार्वजनिक मर्मत सम्भार | १०,००,०००.०० | दस लाख | |
| ४६ | प्रशासनिक भवन कार्पेट फर्निचर पर्दा नेटवर सि सि क्यामरा सभा हल बैठक कक्ष मसलन्द व्यस्थापन | ५०,००,०००.०० | पचास लाख | |

| | | | | |
|---|---|---|---|---|
| | कोठा पाटेशन लगायत अन्य व्यस्थापन खरिद | | | |
| ४७ | जेनेरेटर खरिद | १४,००,०००.०० | चौध लाख | |
| ४८ | प्रविधिमा आधारित शिक्षा साझेदारी | १९,००,०००.०० | उन्नाइस लाख | |
| ४९ | लमुखोला श्यामखोला खानेपानी आयोजना | ४०,००,०००.०० | चालीस लाख | |
| ५० | इच्छावति प्रा वि भवन निर्माण षनपा २ | १०,००,०००.०० | दस लाख | |
| ५१ | भित्ती मरुवा वेसी सिचाई षनपा 6 | ५,००,०००.०० | पाँच लाख | |
| ५२ | चिलाउने खोला गैरी साल्मा सिचाइ षनपा ६ | २,००,०००.०० | दुई लाख | |
| ५३ | गोले गैरे पखुवा देउराली भिरथाप्ला | ७,००,०००.०० | सात लाख | |
| ५४ | रानी वन साकेला भवन षनपा ११ | ६,००,०००.०० | छ लाख | |
| ५५ | दिङ्ला बजार अग्नी नियन्त्रण व्यवस्थापन | ६,००,०००.०० | छ लाख | |
| ५६ | बालुवा वेसी आमबोटे नेपाले डाँडा सोमबारे सडक स्तरोन्नती | १०,००,०००.०० | दस लाख | |
| ५७ | सागुबोटे पाईप सिचाई योजना | २,००,०००.०० | दुई लाख | |
| ५८ | सत्तल शिवालय मन्दिर व्यस्थापन | २,००,०००.०० | दुई लाख | |
| ५९ | गौचरण लक्ष्मी प्रा वि कामीचौतरा सडक | ७,००,०००.०० | सात लाख | |
| ६० | दिङ्ला साकेला थान षनपा ७ | ४,००,०००.०० | चार लाख | |
| ६१ | अरुण मा वि फर्निचर | २,५०,०००.०० | दुई लाख पचास हजार | |

| | | | | |
|---|---|---|---|---|
| ६२ | बुद्धशान्ति पार्क षनपा १३ | २,००,०००.०० | दुई लाख | |
| ६३ | लुम्बा खोला ओडारे बेठीस्याँरा हिउँदे सिचाई १३ | ५,००,०००.०० | पाँच लाख | |
| ६४ | महेन्द्रदोय मा वि बोया अधुरो भवन निर्माण १४ | ८,००,०००.०० | आठ लाख | |
| ६५ | दनुवार गाँउ भदौरे कृषि सडक / गढी गाउ रीङ्गरोड ७ | ७,००,०००.०० | सात लाख | |
| ६६ | तीरतीरे खकुवा सडक निर्माण षनपा १२ | ६,८३,०७३.०० | छ लाख त्रीयासी हजार त्रिहत्तर | |
| ६७ | चिउरीवोटे वालुवा वेसी सडक षनपा ५ | ६,००,०००.०० | छ लाख | |
| ६८ | जलेश्वर महादेव मन्दिर निर्माण षनपा ३ | ४,००,०००.०० | चार लाख | |
| ६९ | खडगी भवन निर्माण षनपा ७ | ५,००,०००.०० | पाँच लाख | |
| ७० | मझुवा तिनतले सडक निर्माण | ५,००,०००.०० | पाँच लाख | |
| ७१ | योजना सम्झौता तथा अभिमुखिकरण कार्यक्रम | २,५०,०००.०० | दुई लाख पचास हजार | |
| | **सडक बोर्ड साझेदारी** | | | |
| ७२ | भीरथाप्ला विहिवारे पीत्तीम सडक 13 र 14 | | | |
| ७३ | विदाइ चौतारा पीपल चोक लम्सुवा सडक ६ र ७ | | | |
| ७४ | दिङ्गला काभ्रे खरवारी सडक ३ र ४ | | | |
| | **जम्मा** | ९१,०८,४८,६७३.०० | एकानब्बे करोड आठ लाख अडचालिस हजार छ सय त्रियहत्तर | |

**आदरणीय सभाध्यक्षज्यू,**

उपस्थित सभा सदस्यज्यूहरु योजना तर्जुमा गर्नु मात्र महत्वपूर्ण विषय होइन यसको लक्ष्य एवम् उद्देश्य प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन अनुगमन एवम् मुल्याङ्कन हुन जरुरी छ ।प्रस्तावित वजेट नीति र कार्यक्रमहरुको कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत र कार्य विधिगत सुधारका कार्यहरुलाई निरन्तरता दिई बजेट कार्यान्वयनमा सुनिश्चितता ल्याई थप पारदर्शीता र उत्तरदायित्वको प्रवर्द्धन गरिने छ ।

यो वजेट तर्जूमाको सिलसिलामा हामीलाई रचनात्मक सुझाव एवं मार्गदर्शन गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरु, राजनीतिक दल एवं नागरिक समाज प्रति आभार प्रकट गर्दछु ।यसै गरी समयमा सहयोग तथा अनुदान दिनु हुने संघीय सरकार र प्रदेश सरकार प्रति आभार प्रकट गर्न चाहान्छु ।यस नगरपालिकाको सार्थक विकासमा समानन्तर सहयोग पुर्‍याउनुहुने सबै करदाता र राष्ट्रिय तथा अन्तराष्ट्रिय नियोग तथा संस्था साझेदारहरु साथै यस प्रक्रियामा अहोरात्र खट्नु हुने नगरपालिकाका सम्पूर्ण कर्मचारीहरुलाई यस अवसरमा धन्यवाद दिदै बिदा हुन चाहान्छु । हवस् त नमस्कार !!!

धन्यवाद !

**प्रमिला राई**
**नगर उप-प्रमुख**
**षडानन्द नगरपालिका**
**दिंला, भोजपुर ।**